नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र

फोन नं.: ४२००३३५, ४२००३४६
फ्याक्स : ४२००४००
हटलाईट : ४२००३४५
इमेल : navic@nvc.gov.np
info@nvc.gov.np
वेवसाइट: www.nvc.gov.np
सिंहदरबार, काठमाडौं

प.सं. : २०७५/७६
च.नं.: ११२०७०००३१

मितिः २०७५/९/१२

विषयः- **सम्पत्ति विवरणको अभिलेख अद्यावधिक गर्न ताकेता गरिएको सम्बन्धमा ।**

श्री जिल्ला समन्वय अधिकारीज्यू (७७) जिल्ला समन्वय समितिहरु
श्री प्रमुख प्रशासकिय अधिकृतज्यू (७५३) स्थानीय तहहरु

अत्यन्त जरुरी

उपरोक्त विषयमा यस केन्द्रको प.सं. २०७५।७६ च.नं. १२२०७००००१ मिति २०७५।४।४ को पत्र प्राप्त भएकै छ । उक्त पत्र मार्फत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा "प्रत्येक सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिन भित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पतिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्ने" कानूनी व्यबस्था रहेको व्यहोरा समेत उक्त पत्र मार्फत अवगत भएकै छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क)(२) बमोजिम साठी दिन भित्र सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई आयोगले पाँच हजार रुपैया जरिवाना गर्नेछ र अर्को तीस दिन भित्र सम्पत्ति विवरण पेश गर्न लगाउने छ । सो म्याद भित्र पनि सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेको व्यक्ति उपर निजले आफ्नो वा आफ्नो परिवारको नाममा अबैध सम्पत्ति राखेको अनुमान गरी छानविन गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ ।

यसरी बुझेको/बुझाईएको सम्पत्ति विवरणको अभिलेख अद्यावधिक गर्न यस केन्द्रबाट संचालन गरिएको Online Software (fpl.nvc.gov.np or, local.nvc.gov.np) मा Data Entry गर्नु/गराउनु हुन भनि लेखिएकोमा कतिपय स्थानीय तहहरुले Data Entry गरेको, कतिपयले नगरेको, कतिपयको दरबन्दी/कार्यरत/रिक्त संख्या मिलेको, कतिपयको नमिलेको Online Software मा देखिएको हुँदा उक्त Software मा आ-आफ्नो तह/निकायको सम्पत्ति विवरण अद्यावधिक गर्नुका साथै तपसिलको ढाँचामा सम्पत्ति विवरणको Hard Copy (सफ्टकपी ईमेल sampati@nvc.gov.np मा पठाउँनु हुन समेत) सात (७) दिन भित्र अनिवार्य रुपमा यस केन्द्रमा उपलब्ध गराउनु हुन समेत अनुरोध छ ।

तपसिल (२०७५ साल आषाढ मसान्त सम्म कार्यरत सार्वजनिक पद धारण गरेका व्यक्तिको संख्या मात्र समावेश गर्ने)

| प्रदेश | जिल्ला | स्थानीय तहको नाम | कार्यरत(निजामती र स्थायी शिक्षक वाहेक)पदाधिकारी/कर्मचारी/शिक्षकको संख्या | सम्पत्ति बिवरण बुझाउनेको संख्या | नबुझाउने को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

सम्पत्ति विवरण नबुझाउनेको हकमाः (माथिल्लो तालिका बमोजिमको नबुझाउनेको संख्या अनुसारको नामावली समावेश हुनु पर्ने)

| सि.नं. | पद | नाम थर | कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

(राजेन्द्र प्रसाद आचार्य)
उप सचिव